# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडामहारानी सरकारहरूबाट असंलग्न राष्ट्रहरूको नवौं शिखर सम्मेलनमा भागलिई बक्सने सिलसिलामा गरिबक्सने युगोस्लाभियाको औपचारिक भ्रमण तथा मित्रराष्ट्र फिनल्याण्डको राजकीय भ्रमण एवं केही मित्रराष्ट्रहरूको अनौपचारिक भ्रमणमा सवारीसाथ परराष्ट्र मन्त्रालयका सचिव श्री नरेन्द्रविक्रम शाह पनि जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री ईश्वरीराज पाण्डेयलाई मिति २०४६।५।१८ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,<br>
डा. नरसिंहनारायण सिंह<br>
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले मिति २०४६।४।२५ को निर्णयानुसार देहायका अधिकृत-हरूलाई नेपाल प्रशासन सेवा, राजपत्राङ्कित द्वितीय श्रेणी, उप-सचिवस्तरको पदबाट सोही सेवाको राजपत्राङ्कित प्रथम श्रेणी, सह-सचिवस्तरको पदमा मिति २०४६।३।३ देखि लागू हुने गरी बढुवा गरी देहायबमोजिम पदस्थापन गरेको छ ।

| सि.नं. | नाम र थर | साबिक पद र कार्यालय | पदस्थापन भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री कर्णबहादुर चन्द | प्रमुख अन्तःशुल्क अधिकृत, अन्तःशुल्क कार्यालय, विराटनगर । | सह-सचिव, उद्योग मन्त्रालय । |
| २. | श्री विष्णुप्रसाद खत्री | सहायक अञ्चलाधीश, जनकपुर अञ्चलाधीश, कार्यालय । | सह-सचिव, सामान्य प्रशासन मन्त्रालय । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

226

| | | | |
|---|---|---|---|
| ३. | श्री शारदाप्रसाद दाहाल | प्रमुख जिल्ला अधिकारी, जिल्ला कार्यालय, सिराहा। | राजपत्राङ्कित प्रथम श्रेणी, सह-सचिवस्तर, गृह मन्त्रालय वा अन्तर्गत । |
| ४. | श्री ज्ञुलेन्द्रमान प्रधान | कार्यालय प्रमुख, पर्यटन कार्यालय, पोखरा | सह-सचिव, पर्यटन मन्त्रालय । |
| ५. | श्री केशवराज राजभण्डारी | प्रमुख जिल्ला अधिकारी, जिल्ला कार्यालय, पर्सा। | राजपत्राङ्कित प्रथम श्रेणी सह-सचिवस्तर, गृह मन्त्रालय वा अन्तर्गत । |

## सूचना २

श्री ५ को सरकारले मिति २०४६।४।२५ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणी (सह-सचिवस्तर) का देहायका अधिकृतहरूलाई देहाय बमोजिम सरुवा गरेको छ।

| सि.नं. | नाम र थर | साबिक पद र कार्यालय | सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री बाबुराम पौडेल | रा.प. प्रथम श्रेणी, सह-सचिवस्तर, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह । | रा.प. प्रथम श्रेणी, सह-सचिवस्तर, लोक सेवा आयोग वा अन्तर्गत । |
| २. | श्री सत्यराम श्रेष्ठ | रा. प. प्रथम श्रेणी, सह-सचिवस्तर, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह । | रा.प. प्रथम श्रेणी, सह-सचिवस्तर, पञ्चायत तथा स्थानीय विकास मन्त्रालय वा अन्तर्गत । |
| ३. | श्री ललितबहादुर बम | " | सह-सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय । |
| ४. | श्रीमती उर्मिला श्रेष्ठ | " | रा.प. प्रथम श्रेणी, सह-सचिवस्तर, जलस्रोत मन्त्रालय वा अन्तर्गत । |

आज्ञाले,
विमलराज बस्नेत
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।